# पाठ - 18
# रसूल ﷺ को त्याग

# الدرس الثامن عشر - نيبالي
# زهده ﷺ

वासतवमा त्याग भनेको शब्द त्यसलाई शोभिन्छ जुन् कुनै कार्यको क्षमता र शक्तिका बावजूद त्यसलाई त्यागेको हुन्छ र यस प्रकार हाम्रो नबी मुहम्मद ﷺ संसारलाई त्यागने कर्ममा सबभन्दा महान त्यागी हुनु हुन्थ्यो, कहिले पनि धेरै कमाउने चाहना गर्नु भएन, बरु त्यतिमा नै संतुष्ट रहनु हुन्थ्यो जतिले आवश्यक्ता पुगि रहेको थियो, र संसार उहाँको हातमा हुँदा हुँदै पनि कठिन जीवन बिताउनु हुन्थ्यो, अल्लाहको दृष्टिमा उहाँ सबभन्दा महान मनुष्य हुनु हुन्थ्यो, तसर्थ यदि उहाँ इच्छुक हुन्थ्यो भने जति चाहन्थे त्यति धन् सम्पत्ति अल्लाहले उहाँलाई प्रदान गर्न सक्नु हुन्थियो।

एमाम इब्ने कसीर رحمه الله ले आफ्नो तफसीर (कुरआनको व्याख्या) मा खैसमाको हदीस नकल गरेका छन कि नबी ﷺ लाई सोध्नु भयो कि यदि तपाई चाहनु हुन्छ भने हामी धर्तिको यस्तो खजाना र साँचो तपाइलाई प्रदान गर्छौं जस्तो तपाई भन्दा पहिला अरु कुनै नबीलाई प्रदान गरेका छैनौं र नत तपाई पछि अरु कसैलाई प्रदान गर्ने छौं, र अल्लाहको नजिक तपाइका लागि जेसुकै वर्दानहरु छन् त्यसमा पनि कुनै प्रकारको कमी हुने छैन, त उहाँले भन्नु भयो «त्यो सबै मेरो लागि प्रलोकमा जम्मा गरि राख्नु।

उहाँको जीवन र जीविकाको कुरा त एक दमै अचम्मको कुरा थियो, हजरत अबुजर رضي الله عنه ले भन्नु हुन्छ कि नबी ﷺ सँग मदीनामा म हिंडदै थिए कि हामीले ओहदको पहाड देख्यौं, त उहाँले भन्नु भयो कि «मलाई खुशी लागदैन कि म सँग ओहद पहाड जति सुन् होस र तीन दिन सम्म एक दिनार पनि म सँग बाँकि रहोस, तर मात्र यति जुन् म आफ्नो ऋणका लागि जम्मा गरि राखौं, र त्यस बाहेक सबै म अल्लाहको सेवकहरुमा यस्तो र यस्तो र यस्तो दायाँ, बायाँ, र पछाडिबाट लुटाइ दिन्छु» त्यस्तै उहाँले भन्नु भयो कि «संसार मेरो कुन् कामको, म त एउटा यात्री छु जुन् कुनै रुखको छायामा केहि क्षणको लागि बस्ने छु र फेरि त्यसलाई छोडेर गइहाल्छु»

**रसूल ﷺ को खान पीन र लुगाहरू** : रसूल ﷺ को भोजनको अवस्था यस्तो थियो कि कहिले एक महिना, कहिले दुइ महिना, र कहिले तीन महिना सम्म उहाँको घरमा केहि पाक्दैन्नथ्यो, र उहाँको खान पानका लागि मात्र पानी र खजुर हुन्थ्यो, कहिले दिन भर भोकको कारण उलट पलट गर्दै बस्नु हुन्थ्यो, तर केहि पनि खाने कुरा पाउँदैन्नथे, उहाँको रोटि जौको हुन्थ्यो, र उहाँले कहिले पनि नरम रोटि खानु भयो भन्ने कुरा लेखेको छैन, बरु उहाँको सेवक हजरत अनस رضي الله عنه ले भनेका छन कि पाहुनाहरु आउने बाहेक अरु कहिले पनि उहाँ सँग दिन् र रातको भोजन्मा रोटि र मासु एक साथ भएको छैन।

उहाँको लुगाहरुको अवस्था पनि उपरोक्त अवस्था भन्दा अधिक उत्तम थिएन, उहाँको साथीहरुले स्वयं उहाँको साधारण र मामुली लुगाको गवाही दिएका छन् , जब कि उहाँलाई महँगो लुगा लगाउने क्षमता थियो, उहाँको एउटा साथी उहाँको लुगाको कैफियत बयान गर्दै भन्नु हुन्छ कि केहि कुरा कानीका लागि म रसूल ﷺ को सेवामा उपस्थित भएँ, त के देख्छु कि उहाँले एउटा मोटो सुतिको धोति लगाएर बसि रहनु भएको थियो।

हजरत अबु दरदा رضي الله عنه हजरत आइशाको सेवामा उपस्थित हुनु भयो त हजरत आइशा رضي الله عنها ले एउटा टालो लगाइएको च्यादर र एउटा मोटो धोति निकालेर भन्नु भयो «यही दुइ लुगामा रसूल ﷺ को मृत्यु भएको छ» त्यस्तै हजरत अनस बिन मालिक رضي الله عنه ले भन्नु हुन्छ कि «म रसूल ﷺ सँग हिंडने गर्दथे र उहाँ माथि नजरानको मोटो कुनाको च्यादर हुन्थ्यो» । मृत्युको समय रसूल ﷺ नत रुपयाँ पैसा, नत दास दासी, र नत अरु कुनै वसतु छोडेर जानु भयो, बरु मात्र एउटा सेतो खच्चर, र आफ्नो हतियार छोडनु भयो, र जग्गाको एक टुका जसलाई दान गरि दिनु भयो, हजरत आइशा رضي الله عنها ले भनेकि छिन् कि «रसूल ﷺ को देहान्त भयो र मेरो बकसामा मात्र आधा सेर जौ बाहेक अरु केहि पनि थिएन» मृत्युको समय रसूल ﷺ को कवच एउटा यहुदी सँग केहि जौको बदलामा धरौटि राखिएको थियो